# शिखर इन्स्योरेन्स कम्पनी लि.
## दोस्रो वार्षिक साधारण सभाको निर्णय विवरण

१. **बैधानिक सभा:**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको दोश्रो वार्षिक साधारण सभामा काबुवाहिरको परिस्थितिले गर्दा अध्यक्ष श्री विकास जंगवहादुर राणा अनुपस्थित हुनुभएकोले कम्पनीका संचालक श्री प्रदिप जंग पाण्डेज्यूको अध्यक्षतामा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) जावलाखेल, ललितपुरमा मिति २०६३ चैत्र १६ गते शुक्रवार दिउंसो २:०० बजे प्रारम्भ भई अपरान्ह ४:३० बजे सम्पन्न भयो ।

२. **सूचना प्रकाशन:**

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०६३ फागुन २४ गते अगावै दोस्रो वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, आ.ब. २०६२/६३ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा परिक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाईएको र मिति २०६३ फागुन २४ र २५ गते क्रमश: कान्तिपुर र नेपाल समाचारपत्र राष्ट्रिय दैनिकहरुमा सूचना प्रकाशित गरी जानकारी समेत गराइएको थियो ।

३. **संचालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १. | श्री आँ छिरी शेर्पा | संचालक |
| २. | बुद्ध एयर प्रा.लि. को तर्फबाट<br>श्री बीरेन्द्र बहादुर बस्नेत | संचालक |
| ३. | श्री गौरव अग्रवाल | संचालक |
| ४. | श्री लोमस इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. को तर्फबाट<br>श्री प्रदिपजंग पाण्डे | संचालक |
| ५. | श्री राजेन्द्र प्रसाद श्रेष्ठ | संचालक |

४. पर्यवेक्षक

१. श्री श्रीमान कार्की — प्रतिनिधि, बीमा समिति
२. श्री जगदिश रिजाल — प्रतिनिधि, नेपाल स्टक एक्चेन्ज

५. अन्यको उपस्थिति:

१. श्री शैलेसमान श्रेष्ठ — कर लेखा परीक्षक
२. श्री रामकृष्ण निराला — कानून सल्लाहाकार
३. श्री विदुर प्रसाद ढुङ्गाना — निर्वाचन अधिकृत

६. छलफलका विषयहरुको सूची:

१. आर्थिक बर्ष २०६२/६३ को संचालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल तथा अनुमोदन गर्ने बारे ।

२. आर्थिक बर्ष २०६२/०६३ को वासलात तथा नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण एवं लेखा परिक्षणको प्रतिवेदन माथि छलफल तथा अनुमोदन बारे ।

३. आ.व. २०६३/६४ को लागि लेखा-परीक्षकको नियूक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. समूह 'ग' अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक पद संख्या-१ को निर्वाचन गर्ने बारे ।

५. विविध ।

७. सभाको गणपुरक संख्या:

| | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत (%) |
|---|---|---|---|
| शेयरधनी संख्या | ११,१६८ | १०६ | ०.९४ |
| शेयर संख्या | १२,५०,००० | ९,३८,८०० | ७५.१० |

८. सभाको वैधानिकता र अध्यक्षता:

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री दिप प्रकाश पाण्डेज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुदैं कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली वमोजिम प्रकृया पुरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न आवश्यक गणपुरक संख्या पुरा भई सभाको बैधानिकता कायम भएको घोषणा गर्नु हुदै सञ्चालक श्री प्रदिपजंग पाण्डेलाई सभाको अध्यक्षता ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नु भयो ।

## ९. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती:

कम्पनीको दोस्रो बार्षिक साधारण सभा संचालन गर्ने क्रममा सभाका अध्यक्ष श्री प्रदिप जंग पाण्डेज्यूले विषयसूची अनुसार संचालक समितिको आ.व. २०६२/६३ को वार्षिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण सभामा प्रस्तुत गर्नुभयो ।

## १०. छलफलको लागि आव्हान:

अध्यक्षज्यूले आ.ब. २०६२/६३ को संचालक समितिको दोस्रो वार्षिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण उपर आ-आफ्नो प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तव्य एवं सुझाव दिनको लागि शेयरधनीहरुलाई आव्हान गर्नु भएपछि निम्न वमोजिमका शेयरधनीहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु राख्नु भएको थियो ।

१. श्री अमृतनाथ रेग्मी

२. श्री दिनेशराज पन्त

३. श्री डमरुवल्लभ घिमिरे

४. मेजर श्री कुवेर श्रेष्ठ

५. श्री लवराज जोशी

६. श्री राम गोपाल महर्जन

## ११. शेयरधनीहरुवाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरु :

- सगरमाथाले आम नेपालीलाई विश्व सामु परिचित गराएको जस्तै शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडले पनि आफूलाई चिनाउन सफलहोस् भनि शुभकामना व्यक्त गरियो ।

- बीमा व्यवसायमा अग्नी बीमा नाफा मुलक व्यवसायको रुपमा हेरिने हुंदा आ.ब. २०६२।६३ त्यस तर्फ अधिक बीमा शुल्क आर्जन गरेको देखिन्छ र अग्नी बीमा तर्फ दावी हिसाब पनि सरदर देखिन्छ जुन राम्रो पक्ष हो भन्ने धारणा व्यक्त गरियो ।

- अग्नी बीमा शुल्क आम्दानीको तुलनामा कम्पनीको होल्डिङ क्यापासिटी कम्ती देखिएको छ । त्यसै गरी पुनर्बीमा कमिशन कम रहेको देखिएको हुँदा त्यस तर्फ सुधार गर्नु पर्ने सुझाव प्रदान गरियो ।

- बीमा व्यवसायमा घाटा व्यापारको रुपमा लिइने सवारी सधान बीमामा कम्पनीले नाफा गरेको देखिन्छ । यसलाई उत्साहजनक रुपमा लिनु पर्ने धारणा व्यक्त गरियो ।

- सवारी साधन बीमा गर्दा सावधानी पुर्वक गर्नु उचित हुने देखिन्छ । साथै सवारी साधन बीमा गर्दा अन्य बीमा व्यवसायमा पनि बृद्धि हुन्छ भने मात्र त्यस तर्फ विचार गरी मोटर बीमा स्वीकार गर्न सुझाव प्रदान गरियो ।

- हवाई बीमा शुल्क आम्दानीले कम्पनीको करिब आधाजसो व्यवस्थापन खर्च व्यहोर्न सकेको देखिन्छ । हवाई बीमा शुल्कवाट आधा भन्दा वढी व्यवस्थापन खर्च कभर गर्न सफल भएकोमा कम्पनी व्यवस्थापनलाई धन्यवाद प्रदान गरियो ।

- कम्पनीका लेखा परीक्षकलाई पौष मसान्त भित्र साधारण सभा सम्पन्न गर्न सजिलो हुने गरी प्रतिवेदन दिन सुझाव प्रदान गरियो ।

- बीमा कम्पनीहरुलाई नियन्त्रण एवं नियमन गर्ने निकाय श्री बीमा समितिलाई लगानीको सम्बन्धमा लगानी निक्षेपको अलावा एकै किसिमको मापदण्ड तयार गरी बीमा कम्पनीहरुले विभिन्न लगानीका अवसरहरु प्राप्त गर्न सक्ने किसिमको अनुमति प्रदान गर्नको लागि पहल गर्न सुझाव व्यक्त गरियो ।

- कम्पनीले छोटो समयमानै जग्गा जोडेकोमा हार्दिक धन्यवाद प्रदान गरियो । उक्त जग्गामा भवन निर्माण गर्दा वहुउपयोगि भवन निर्माण गर्न उचित हुने राय प्रस्तुत गर्दै आगामी दिनमा कम्पनीकै भवनमा साधारण सभा सम्पन्न गर्न सकियोस् भनि शुभकामना व्यक्त गरियो ।

- आगामी वार्षिक साधारण सभाको सुचनामा सञ्चालक समितिको बैठक नम्बर, प्रवेश - पत्रमा कम्पनी सचिवको हस्ताक्षर र प्रोक्सी फारममा शेयरधनी प्रमाण पत्र. नं. को सट्टा शेयरधनी नं. राख्नुहुन सुझाव प्रदान गरियो ।

- प्रस्तुत वार्षिक प्रतिवेदनमा कम्पनीको शेयर सूचिकरण नभएको सन्दर्भमा लेखापरीक्षण समिति गठन नभएको तर शेयर सूचीकरण भैसकेको अवस्थसामा समिति गठन भैसकेको हुनुपर्छ भन्ने जिज्ञासा प्रकट गरियो ।

- कम्पनीले गठन गरेको विभिन्न समितिहरुमा अध्यक्षको सट्टा संयोजक शब्दको प्रयोग हुने प्रचलन रहेको हुँदा संयोजक राख्न उचित हुने सुझाव प्रदान गरियो ।

- कम्पनीको वार्षिक प्रतिवेदनमा सञ्चालकहरुको बैठकभत्ता रकम कम रहेको जस्तो देखिन्छ । यसबारे स्पष्ट पारी क-कस्ले के-कती भत्ता रकम पाउने हुन अलग-अलग रुपमा खुलाएमा राम्रो हुने सुझाव प्रस्तुत गरियो ।

- लेखापरीक्षकको प्रतिवेदन तथा सञ्चालक समितिको प्रतिवेदन एकै समयमा प्रस्तुत गर्न उचित हुने सल्लाह प्रदान गरि प्रतिवेदनको अन्त्यमा अध्यक्ष तथा सञ्चालक सदस्यको सही गरेमा उपयुक्त हुने सुझाव प्रदान गरियो ।

- प्रतिवेदनमा सामान्यतया कम्पनीका प्रबन्धक तह सम्मका कर्मचारीहरुको फोटो राख्ने प्रचलन रहेको हुँदा आगामी दिनमा सोही अनुरुप गरेमा कर्मचारीको परिचय पाउन सजिलो हुने सुझाव प्रस्तुत गरियो ।

- यस सभामा शेयरधनी महानुभावहरुको उपस्थिति उल्लेख्य नरहेको हुँदा आगामी साधारण सभामा बढि भन्दा बढि शेयरधनीहरुको उपस्थिति गराउन पहल गर्नु पर्ने सुझाव प्रस्तुत गरियो ।

- कम्पनीले स्थापनाको २९ महिना भित्र सर्वसाधारणमा शेयर निश्कासन विक्री गरी दोस्रो वार्षिक साधारण सभा समेत सम्पन्न गर्नुलाई ठूलो उपलब्धिको रुपमा लिनुपर्ने मनसाय ब्यक्त गरियो ।

- प्रतिवेदनमा उल्लेखित तथ्याङ्कको आधारमा मूल्याङकन गर्दा कम्पनीको प्रगति प्रति गौरवान्वीत हुनुपर्ने र कम्पनीले शेयरधनीहरुलाई छिटै लाभांश वितरण गर्ने छ भन्ने विश्वास ब्यक्त गरियो ।

- कम्पनी रिलायन्स स्पिनिङ मिल्सको ठूलो दावी फर्च्छौट गर्न सफल भएकोमा धन्यवाद प्रदान गरियो र उक्त दावी भुक्तानीमा कम्पनीलाई के-कति व्ययभार परेको छ स्पस्ट पारीदिन आग्रह गरियो ।

- कम्पनीको सञ्चालक समितिमा रहनुभएका सदस्यहरुको व्यवसायिक पहिचान उच्च रहेको हुदा त्यसलाई निरन्तरता दिई सोहि अनुरुप कम्पनीको पनि पहिचान उच्च राख्नुपर्ने सुझाव प्रदान गरियो ।

- कम्पनीले आफ्ना शेयरधनीहरुको लागि सुविधा एवं सहुलियत हुने बीमा स्कीम तयार गरी लागू गर्न आग्रह गरियो । नयाँ नयाँ बीमा योजनाहरुको बीमा पोलेसीहरु बजारमा ल्याई पुनर्बीमा कम्पनीको रुपमा कम्पनीलाई स्थापित गर्न र आगामी दिनहरुमा बीमा गरे सुरक्षित होइन्छ भन्ने किसिमको आम मानिसहरुमा जागृति ल्याउने तर्फ पहल गर्न सुझाव प्रदान गरियो ।

- कम्पनीले कर्मचारीहरुको लागि तालिम खर्च गरे अनुरुप उपलब्धि पनि हुनुपर्ने तर्फ ध्यान दिन आग्रह गर्दै कम्पनीको पूजा शिर्षकमा भएको खर्च प्रति मितब्ययिता अपनाउन सुझाव प्रदान गरियो ।

- कम्पनीका कर्मचारीहरुको समय अनुकुल पारिश्रमिक पुनर्बीचार गर्न आग्रह गर्दै आगामी साधारणसभामा कर्मचारीलाई Best Employee of the Year वाट सम्मानित गरिनु पर्ने सुझाव प्रस्तुत गरियो । अन्य बीमा कम्पनीहरुमा कार्यरत कर्मचारीहरुको तुलनामा यस कम्पनीमा कार्यरत कर्मचारीहरुमा काम गर्ने Motive सकारात्मक रहेको देखिन्छ । यसलाई कर्मचारीहरुले निरन्तरता दिनुपर्ने आग्रह गर्दै मार्केटिङ विभागमा कार्यरत कर्मचारीहरुलाई इन्सेन्टिभ एवं अन्य थप सुविधा दिन सुझाव प्रदान गरियो ।

- समग्र बीमा व्यवसायमा व्यापारको Volume नबढेको स्थितिमा यस कम्पनीले आफ्नो व्यवसाय वढाउनुलाई उत्साहप्रद मान्नुपर्ने मनसाय ब्यक्त गरियो ।

- कम्पनीले ख्यातिप्राप्त होटल तथा रिसोर्टहरुलाई ग्राहक वनाउन सक्नुलाई ठूलो उपलब्धि मान्नु पर्ने धारणा ब्यक्त गर्दै कम्पनीको दावी फच्र्छ्यौट समेतमा सुद्धता रहेको धारणा राखियो ।

- कम्पनीको प्रारम्भिक चरणमानै अन्य कम्पनीको दाँजोमा शेयर मूल्य अत्यधिक हुनुलाई सकारात्मक रुपमा लिनुपर्ने मनसाय ब्यक्त गरियो ।

## १२. शेयरधनीहरुको जिज्ञासा उपर सभाका अध्यक्ष श्री प्रदिप जंग पाण्डेज्यूको प्रतिउत्तर:

- अध्यक्षद्धारा सभामा उपस्थित भै आ-आफ्नो राय, सल्लाह र सुझाव दिनु भएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद प्रदान गरी उहाँहरुले दिनुभएको राय, सल्लाह र सुझावहरु कम्पनीको लागि सिरोधार्य रहेको कुरा ब्यक्त गरियो । शेयरधनी महानुभावहरुले कम्पनी प्रति देखाउनु भएको प्रगाढ विश्वास ले कम्पनीको मनोबल उच्च बनाएको धारणा प्रकट गर्दै यसले कम्पनीको जिम्मेवारी अझ बृद्धि भई आगामी दिनमा प्रतिफल दिन प्रेरणा मिलेको धारणा राखी भविष्यमा कम्पनीले राम्रो प्रतिफल प्राप्ती तर्फ लक्षित भएर अगाडी बढ्ने आश्वासन प्रदान गरियो ।

- पुनर्बीमा कमिशनमा ध्यान दिनुपर्ने कुरा ठिक हो । कम्पनीले सकेसम्म सुरक्षित व्यवसाय तर्फ ध्यान दिएको छ । बीमा स्वीकार गर्दा कम्पनीको हितलाई ध्यान दिनु पर्ने हुन्छ अन्यथा जोखिममा पर्न पनि सकिने हुँदा त्यस तर्फ ध्यान दिई बीमालेख जारी गरिने धारणा स्पष्ट पारियो ।

- हाम्रो कम्पनी नयाँ भएको हुँदा खुद धारण राखिदा कम जोखिम वहन गरी अगाडी बढन खोजि राखेका छौं । असमाप्त जोखिम जगेडा बृद्धि भएमा नाफामा पनि सकारात्मक असर पर्दै जाने व्यहोरा स्पष्ट पारियो ।

- कम्पनीले पुनर्बीमा कम्पनीहरुलाई अधिक व्यापार दिन सकेको अवस्थामा पुनर्बीमा कम्पनीहरु संग दिगो सम्बन्ध कायम हुने र दिर्घकालीन रुपमा कम्पनीलाई फाईदा हुने कुरा स्पष्ट पारियो । साथै यसवाट पुनर्बीमकहरु मार्फत दिर्घकालिन रुपमा लाभ प्राप्त गर्नसकिने धारणा व्यक्त गरियो ।

- कम्पनीको पुनर्बीमा, दावी र अण्डरराईटिङ्ग विभाग अन्तर्गत कम्पनीको उन्नतीमा सेवारत रहनुभएका महा-प्रबन्धक एवं सहायक महा-प्रबन्धक नेपाली बीमा क्षेत्रमा विषेश अनुभवी एंव परिचित भएका कारण पनि पुनर्बीमक कम्पनीहरु बढी भन्दा बढी पुनर्बीमा हिस्सा लिन इच्छुक रहको जानकारी गराईयो ।

- लगानीको उदार नितिको सम्बन्धमा कम्पनीले बीमा समितिमा आफ्नो राय प्रस्तुत गरि सकेको हुँदा समितिबाट सो अनुरुप निति निर्माण हुने अपेक्षा राखेको व्यहोरा जानकारी गराइयो ।

- हवाई बीमामा बढि लगानी भएको हो कि भन्ने जिज्ञासा उठेकोमा हवाई बीमा तर्फ प्रिमियम बढि हुने भएता पनि कम्पनीको जोखिम अत्यन्तै कम हुने हुँदा सोहि अनुपातमा कम्पनीको दायित्व पनि अत्यन्त न्यून हुने व्यहोरा स्पष्ट पारियो ।

- संचालकको बैठक भत्ता कम देखिएको सम्बन्धमा कम्पनीको प्रथम बार्षिक साधारण सभा मिति २०६२/११/६ गते को निर्णय पश्चात् मात्र संचालकहरुले बैठक भत्ता लिएको हुदा कम देखिएको हो । प्रथम साधारण सभाको निर्णय बमोजिम संचालक समितिको अध्यक्षको प्रति बैठक रु. ५,०००/- र संचालक को प्रति बैठक रु. ४०००/- बैठक भत्ता निर्धारण भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

- पूजा शिर्षकमा भएको खर्चको सम्बन्धमा धर्म प्रति विश्वासको कारण कम्पनीको पूजाकोठा, पशुपतीनाथ र दक्षिणकाली मंदिरमा नियमीत पुजा गरिदै आएको साथै दशै, तिहार र कम्पनीका शाखा एवं सम्पर्क कार्यालयहरुको उद्घघाट्न कार्यक्रममा समेत पुजा गर्ने गरिएको जानकारी गराउदै आवश्यकता अनुसार मितव्ययिता अपनाइने धारणा व्यक्त गरियो ।

- कर्मचारीहरु भनेका कम्पनीका सम्पत्ति हुन् । तालिम तथा विभिन्न माध्यमले उनिहरुको सिप र जागर बृद्धि भएमा दिर्घकालीन रुपमा कम्पनीलाई नै फाइदा पुग्ने व्यहोरा स्पष्ट पारियो ।

- रिलायन्स स्पिनिङ मिल्सको दावी भूक्तानी विषयमा २५३.९ करोडको बीमा रकम रहेको उक्त उधोगमा वास्तविक नोक्सानी करीब २३ करोड रहेता पनि सर्भेयरको मुल्याकंनको आधारमा १८.५४९ करोड निर्धारण हुँदा अन्य रकम पुनर्बीमा ब्यवस्थाबाट प्राप्त भई कम्पनीलाई करीव रु. २०,००,०००/- (बीस लाख) मात्रको दायित्व भार पर्न आएको ब्यहोरा जानकारी गराईयो ।
- संचालक सदस्य श्री गौरव अगवालको संयोजकत्वमा श्री दिप प्रकाश पाण्डे र श्री खेम प्रसाद बराल सदस्य रहने तीन सदस्य लेखा परीक्षण समिति गठन भएको ब्यहोरा जानकारी गराइयो ।

१३. <u>साधारण सभाका प्रस्ताव एवं निर्णयहरु :</u>

१३.१ अध्यक्षज्यूद्धारा शेयरधनी महानुभावहरुबाट उठेका सम्पूर्ण जिज्ञासाहरु सभालाई जानकारी गराई सकिएको हुदाँ छलफलको विषय अन्तर्गत आ.ब. २०६२/०६३ को संचालक समिति वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण अनुमोदनको लागि सभा समक्ष प्रस्तुत गरिदा सभा द्धारा करतलध्वनीका साथ अनुमोदन गरियो ।

१३.२ आ. व. २०६३/०६४ का लागि लेखापरीक्षकको नियूक्ति तथा निजको पारिश्रमीक ताक्ने बिषय अन्तर्गत लेखापरीक्षक श्री प्रताप प्रसाद प्रधान पि. पि. प्रधान एण्ड कम्पनीको नाम सभामा प्रस्ताव हुन आएकोमा निज पून: नियुक्त गर्न योग्य रहनु भएको र निजलाई साबिककै पारिश्रमिक बार्षिक रु. ५०,०००/- तोकी नियूक्त गर्ने सम्बन्धी निर्णय सभामा करतलध्वनीका साथ सर्वसम्मतीले पारित गरियो ।

१३.३ सभाका अध्यक्षज्यूले समुह "ग" अन्तर्गत संचालक पदसंख्या एकको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृत श्री विदुर प्रसाद ढुङ्गानालाई निर्णय गर्न अनुरोध गर्नु भयो ।

<u>निर्वाचन अधिकृतको निर्णय:</u>

श्री शिखर इन्स्योरेन्स कम्पनी लि. को संचालक समितिको वार्षिक साधारण सभाका सभापति ज्यू कम्पनीका सञ्चालक ज्यू तथा पदाधिकारीज्यूहरु । साथै यस गरिमामय सभामा उपस्थित हुनु भएका शेयरधनी लगायत अन्य आमन्त्रित महानुभावहरु,

यस साधारण सभामा रिक्त रहेको समूह "ग" को प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको सम्बन्धी कार्य सम्पन्न गर्नको लागि यस कम्पनीले जिम्मेवारी सुम्पि मलाई निर्वाचन अधिकृत नियुक्त गरेकोमा धन्यवाद व्यक्त गर्दै मैले आफुलाई सुम्पिएको कार्य सम्पन्न गर्ने क्रममा कम्पनी सम्बन्धी ऐन, नियम र यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली एवं, सञ्चालक

निर्वाचन सम्बन्धी निर्देशिका अनुसार मिति २०६३।१२।०२ गते निर्वाचन कार्यक्रमको सूचना कम्पनीको केन्द्रिय कार्यालयमा प्रकाशित गरी सोही कार्यक्रम तालिका वमोजिम प्रक्रिया हुंदा समूह "ग" को सञ्चालक पदमा मनोनयनपत्र दर्ता गर्ने मिति २०६३।१२।०८ गते २.३० वजेको समय भित्र का.म.पा.वडा नं. १७ बस्ने वर्ष ५२ को श्री किरण शेखर अमात्यज्यू को मात्र मनोनयन पत्र दर्ता भएको र उमेद्वारको विरोधमा दावी विरोध गर्ने समय २०६३।१२।०९ गते १.०० बजे भित्रमा कोही कसैको पनि दावी उजुरी पर्न नआएकोले श्री किरण शेखर अमात्य एक जनाको मात्र नाम मिति २०६३/१२/८ गते ४.३० मा अन्तिम नामावलीमा प्रकाशित भएको हुंदा सो वमोजिम श्री किरण शेखर अमात्य ज्यू "ग" समूहबाट निर्विरोध निर्वाचित भएको व्यहोरा यस गरीमामय सभामा घोषणा गर्दछु । साथै वहांको कार्यकाल सफलतम् रहोस भन्ने कामना गर्दछु ।

धन्यवाद ।

निर्वाचन अधिकृत श्री विदुर प्रसाद ढुङ्गानाज्यूले संचालक समितिमा प्रतिनिधित्व गर्ने समूह "ग" को निर्वाचनमा श्री किरण शेखर अमात्य निर्विरोध निर्वाचित हुनु भएको घोषणा सभामा गरियो ।

विविध शिर्षक अन्तर्गत छलफलको विषय नरहेको हुँदा अध्यक्षज्यूले सभामा उपस्थित हुनु भै आ-आफ्ना राय, सुझाव, जिज्ञासा, मन्तव्य तथा प्रश्नहरु व्यक्त गरी दास्रो वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

दिप प्रकाश पाण्डे
कम्पनी सचिव

प्रदिप जंग पाण्डे
सभाको सभापति